**"गरीबसम्म बीमाको पहुँच पुग्नुपऱ्यो, गरीबको बीमा हुनुपऱ्यो"**

**- अध्यक्ष सिलवाल**

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले न्यून आय भएकालाई बीमाको बढी आवश्यकता हुने भएकाले ग्रामीण तथा दुर्गम क्षेत्रमा बसोवास गर्ने गरीवसम्म बीमाको पहुँच पुग्नुपर्ने बताउनुभएको छ ।

बीमा समितिद्वारा बीमा सम्बन्धी समसामयिक विषयमा जानकारी दिने उद्देश्यले यही २०७९ साल भाद्र १३ गते काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष सिलवालले बीमाको फाइदा तल्लो तहसम्म पुऱ्याउनुपर्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले गरीव तथा सीमान्तकृत बर्गसम्म बीमाको पहुँच पुऱ्याउनका लागि लघुबीमालाई प्रभावकारी रुपमा अगाडि बढाउन बीमा कम्पनीहरुलाई वर्षौसम्म ताकेता गर्दा पनि लघुबीमा २ प्रतिशतभन्दा बढ्न नसकेको उल्लेख गर्नुहुँदै ग्रामीण तथा दुर्गम क्षेत्रमा बसोवास गर्ने गरीव तथा विपन्न बर्गसम्म बीमाको पहुँच पुऱ्याउन लघुबीमा कम्पनी स्थापना गर्ने प्रक्रिया अगाडि बढाएको स्पष्ट गर्नुभयो ।

अध्यक्ष सिलवालले लघुबीमा दीगोरुपमा जोखिम हस्तान्तरण गर्ने माध्यम भएकाले स्थानीय तहका अनुत्पादक खर्च पनि बीमामा रुपान्तरण गर्नुपर्ने, सबै घरको बीमा गर्नुपर्ने र प्रदेश तथा स्थानीय सरकारले पनि बीमालाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

पत्रकारहरुले सोधेका प्रश्नहरुको जवाफ दिनुहुँदै अध्यक्ष सिलवालले बीमा कम्पनीको चुक्तापूँजी वृद्धि र लघुबीमा कम्पनी स्थापना फरक फरक विषय भएको उल्लेख गर्नुहुँदै बीमा कम्पनीको पूँजी अपर्याप्त भएकाले पर्याप्त पूँजी पुऱ्याउन पूँजी वृद्धिको निर्णय गरिएको र बीमाको फाइदा तल्लो तहसम्म पुऱ्याउन लघुबीमा कम्पनी स्थापनाको प्रक्रिया अगाडि बढाइएको स्पष्ट गर्नुभयो ।

एक अर्को प्रश्नको जवाफमा अध्यक्ष सिलवालले बीमाका नाममा हुने अपराध नियन्णका लागि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोलाई भनिसकेको बताउनुभयो ।

अध्यक्ष सिलवालले लघुबीमा गरीबी निवारणको राम्रो संयन्त्र र गरीव तथा विपन्न बर्गको संरक्षण गर्ने माध्यम समेत बन्नसक्ने उल्लेख गर्नुहुँदै त्यसतर्फ सरकारको ध्यानाकर्षण गर्नुभयो ।

त्यस अवसरमा बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा समितिको काम कारवाही लगायत बीमा सम्बन्धी समसामयिक विषयमा जानकारी दिनुभएको थियो ।

पत्रकार सम्मेलनमा बीमा समितिका निर्देशकहरु पूजन ढुङ्गेल (अधिकारी) तथा दिनेश कुमार लाल र उपनिर्देशकहरु तथा विभिन्न संचार माध्यममा कार्यरत पत्रकारहरुको सहभागिता रहेको थियो ।